# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, फागुन १४ गते २०५२ साल (संख्या ४५

## भाग ३

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

**श्री ५ को सरकार (कार्य विभाजन) (दोश्रो संशोधन) नियमावली, २०५२**

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ लाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४१ को उप-धारा (१) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मति अनुसार श्री ५ को सरकारको कार्य विभाजनको लागि देहायको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम, "श्री ५ को सरकार (कार्य विभाजन) (दोश्रो संशोधन) नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. श्री ५ को सरकार(कार्य विभाजन) नियमावली, २०४७को अनुसूची–१ मा संशोधनः श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ (यसपछि मूल नियमावली भनिएको) को अनुसूची–१ को सट्टा देहायको अनुसूची १ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(नियम ३ संग सम्बन्धित)
मन्त्रालयको नाम

१. (१) मन्त्रिपरिषद् सचिवालय
(२) अर्थ मन्त्रालय
(३) आपूर्ति मन्त्रालय
(४) आवास तथा भौतिक योजना मन्त्रालय
(५) उद्योग मन्त्रालय
(६) कानून तथा न्याय मन्त्रालय
(७) कृषि मन्त्रालय
(८) गृह मन्त्रालय
(९) जनसंख्या तथा वातावरण मन्त्रालय
(१०) जलस्रोत मन्त्रालय
(११) निर्माण तथा यातायात मन्त्रालय
(१२) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(१३) परराष्ट्र मन्त्रालय
(१४) भूमिसुधार तथा व्यवस्था मन्त्रालय
(१५) महिला तथा समाज कल्याण मन्त्रालय
(१६) युवा, खेलकूद तथा संस्कृति मन्त्रालय
(१७) रक्षा मन्त्रालय
(१८) वन तथा भू-संरक्षण मन्त्रालय
(१९) वाणिज्य मन्त्रालय
(२०) शिक्षा मन्त्रालय
(२१) श्रम मन्त्रालय
(२२) संसदीय व्यवस्था मन्त्रालय
(२३) सूचना तथा संचार मन्त्रालय
(२४) सामान्य प्रशासन मन्त्रालय
(२५) स्थानीय विकास मन्त्रालय
(२६) स्वास्थ्य मन्त्रालय

३. मूल नियमावलीको अनुसूची–२ मा संशोधनः मूल नियमावलीको अनुसूची–२ को सट्टा देहायको अनुसूची–२ राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८४

अनुसूची–२
(नियम ४ संग सम्बन्धित)
मन्त्रालयको नाम

१. मन्त्रिपरिषद् सचिवालय

१. राजदरबार सम्बन्धी
२. मन्त्रिपरिषद् सम्बन्धी
३. विभिन्न मन्त्रालयको कार्यको रेखदेख, समन्वय तथा नियन्त्रण
४. श्री ५ को सरकारको कार्य विभाजन र कार्य सम्पादन व्यवस्था सम्बन्धी
५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्देशनहरूको कार्यान्वियन सम्बन्धी
६. राष्ट्रिय योजना आयोग सम्बन्धी
७. संवैधानिक परिषद् सम्बन्धी
८. अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी

२. अर्थ मन्त्रालय

१. आर्थिक नीति, प्रशासन र नियन्त्रण
२. आर्थिक विश्लेषण
३. आर्थिक साधनहरूको बाँडफाँड
४. मुद्रा
५. बैंकिंग सम्बन्धी (कृषि विकास बैंक समेत)
६. बीमा सम्बन्धी
७. आय-व्यय विवरण (बजेट)
८. राजस्व नीति तथा योजना
९. राजस्व प्रशासन एवं सङ्कलनः–
(क) भन्सार (ख) अन्तःशुल्क (ग) आयकर, बिक्रीकर र श्री ५ को सरकारले समय-समयमा लगाएको अन्य करहरू तथा पोतहरू
१०. सामान्य मूल्य नीति
११. आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र अर्थ व्यवस्था सम्बन्धी
१२. अन्तर्राष्ट्रिय आर्थिक एवं मुद्रा सम्बन्धी सम्मेलन
१३. वैदेशिक सहायता सम्बन्धी
१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण
१५. सार्वजनिक ऋण तथा जमानत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८८

१६. तलब, भत्ता, दैनिक एवं भ्रमण भत्ता, निवृत्तिभरण, उपदान आदि

१७. सरकारी संस्थानको तलब, भत्ता, वोनस लगानी र लाभांस सम्बन्धी सामान्य नीति

१८. सरकारी कोषको प्रशासन

१९. लेखा नियन्त्रण

२०. महालेखा परीक्षकको विभाग सम्बन्धी

२१. कर्मचारी संचय कोष सम्बन्धी

२२. संस्थान समन्वय सम्बन्धी

## ३. आपूर्ति मन्त्रालय

१. अत्यावश्यक वस्तुहरूको आपूर्ति सम्बन्धी नीति र कार्यान्वयन

२. आपूर्ति सम्बन्धी अनुसन्धान, अध्ययन, सर्भेक्षण, विश्लेषण तथा तालीम

३. आपूर्ति सम्बन्धी संस्थानहरू (नेपाल खाद्य संस्थान, टिम्बर कर्पोरेशन, कोल कम्पनी, राष्ट्रिय ब्यापार निगम, नेपाल आयल निगम, नेपाल ल्यूब आयल, नेपाल विटुमिन तथा ब्यारेल उद्योग, कोशी ब्यापार कम्पनी)

४. अत्यावश्यक वस्तुहरूको आपूर्ति सम्बन्धी प्रशासन

५. बजार व्यवस्था र मूल्य सुपरीवेक्षण

६. खाद्य आपूर्ति सम्बन्धी नीति र कार्यान्वयन

७. राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय आपूर्ति सम्बन्धी संघ संस्थानहरूसंगको सम्पर्क र समन्वय

८. सर्वसाधारण जनताको लागि अत्यावश्यकीय उपभोग्य पदार्थहरूको नियमित र सन्तुलित आपूर्ति व्यवस्था गर्ने ।

९. निर्माण सामाग्रीहरू र अत्यावश्यक उपभोग्य वस्तु आयात गर्नुपर्ने सम्बन्धमा वाणिज्य मन्त्रालयसंग समन्वय मिलाइ व्यवस्था गर्ने ।

## ४. आवास तथा भौतिक योजना मन्त्रालय

१. आवास नीति, योजना र कार्यक्रमहरू

२. सरकारी भवनहरूको निर्माण तथा मर्मत सम्भार सम्बन्धी मार्गदर्शन एवं रेखदेख

३. भवन निर्माण सामाग्रीहरू एवं निर्माण प्रविधि सम्बन्धी अनुसन्धान, विकास तथा मापदण्डहरू

४. शहरीकरण वा नगर विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८६०

५. भौतिक योजना र भौतिक पूर्वाधारहरूको विकास
६. वातावरणीय संरक्षण, योजना र सुधार
७. बसोवास र बस्ती विकास
८. खानेपानी को व्यवस्था
९. ढल निकास
१०. सरसफाई तथा प्रदूषण नियन्त्रण
११. नगर विकास समितिहरू तथा सरकारी क्षेत्रका आवास निर्माण सम्बन्धी संस्थानहरूको रेखदेख
१२. आवास निर्माण सम्बन्धी गैर सरकारी क्षेत्रका संस्थानहरूको प्रबर्द्धन तथा विकास
१३. आवास तथा भौतिक योजना क्षेत्रहरूका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरूसंग सम्पर्क र सहयोग
१४. इन्जिनियरिङ्ग सेवाको जनरल बिल्डिङ एण्ड आर्किटेक्ट तथा स्यानिटरी उप-समूहहरू सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालन।

## ५. उद्योग मन्त्रालय

१. उद्योग सम्बन्धी नीति तथा कार्यान्वयन
२. खानी तथा खनिज अन्वेषण सम्बन्धी नीति तथा कार्यक्रम
३. खानी तथा खनिज, विकास सम्बन्धी अध्ययन, तालीम, अन्वेषण तथा सर्वेक्षण
४. सरकारी क्षेत्रमा औद्योगिक कार्य
५. औद्योगिक संघ संस्थाहरू
६. औद्योगिक क्षेत्रहरू
७. औद्योगिक नियोगहरू
८. अन्तर्राष्ट्रिय, क्षेत्रीय औद्योगिक संस्थाहरूसंगको सम्पर्क
९. वैदेशिक लगानी, प्रवर्द्धन तथा सो सम्बन्धी कार्य
१०. घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन
११. नाप तौल तथा गुणस्तर निर्धारण तथा प्रवर्द्धन
१२. औद्योगिक लगानी प्रवर्द्धन
१३. उद्योग सम्बन्धी संस्थानहरू


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. उत्पादकत्व वृद्धि सम्बन्धी नीति तथा कार्यक्रम

१५. प्रविधि विकास र प्रविधि हस्तान्तरण सम्बन्धी

१६. औद्योगिक जनशक्तिको विकास तथा तालीम, अन्वेषण तथा सर्भेक्षण

१७. औद्योगिक प्रवर्द्धन तथा संरक्षण

१८. पेटेण्ट, डिजाइन र ट्रेडमार्क सम्बन्धी

१९. नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत माइनिङ, जियोलोजी, केमिष्ट्रि, केमिकल, मेटालर्जिकल र मेट्रोलोजी समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालन।

## ६. कानून तथा न्याय मन्त्रालय

१. ऐन, अध्यादेश, नियम र आदेश बनाउने सम्बन्धमा परामर्श दिने, मस्यौदा गर्ने र मस्यौदा जाँच्ने

२. प्रचलित नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासन सम्बन्धमा अनुसन्धान गर्ने, भैरहेको कानूनको पुनरावलोकन गर्ने, सुधार गर्ने, आवश्यक नयाँ कानूनको सुझाव गर्ने र विकास गर्ने

३. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाहरूको सम्पादन गर्ने

४. कानूनी राय सल्लाह दिने

५. अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा गर्ने, मस्यौदा जाँच्ने र सो सम्बन्धमा परामर्श दिने

६. सरकारी मुद्दा वापस लिने, मिलापत्र गर्ने, श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा सरकारी वकिलबाट वहस, पैरवी वा प्रतिरक्षा गराउने

७. देहायका विषयमा कानूनी परामर्श दिने:--

(क) वहुपक्षीय सन्धि-सम्झौता स्वीकार (न्याटिफिकेशन र एक्सेशन) गर्ने

(ख) अन्तर्राष्ट्रिय वा अन्तरसरकारी संस्थाको सदस्यता ग्रहण गर्ने

(ग) अन्तर्राष्ट्रिय कानूनी दायित्व व्यहोर्ने

(घ) अन्तर्राष्ट्रिय सम्मेलन वा वार्ताहरूमा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनु पर्ने दृष्टिकोण

८. अन्तर्राष्ट्रिय कानूनी विवाद

९. अन्तर्राष्ट्रिय कानून सम्बन्धीसंस्था र सम्मेलनहरू तथा अन्तर्राष्ट्रिय संस्था र सम्मेलनहरूको कानूनी पक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. श्री ५ को सरकारलाई आवश्यक पर्ने कानून वा लिखतको अनुवाद गर्ने, अनुवाद जाँच्ने र सन्धि-सम्झौताको अनुवाद गर्ने
११. सन्धी सम्झौताहरू र कानूनको एकीकरण र प्रकाशन
१२. न्याय सेवा आयोग सम्बन्धी र न्याय सेवाको कर्मचारी प्रशासन
१३. सर्वोच्च अदालत अन्तर्गतका अदालत सम्बन्धी काम, न्याय प्रशासन, मुद्दा र अदालती लगतको तथ्यांक तथा सरकारी मुद्दाको तथ्यांक
१४. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिल प्रशासन
१५. राजश्वन्यायाधिकरण सम्बन्धी काम र प्रशासन
१६. विशेष अदालत र न्यायिक जाँच बुझ आयोग सम्बन्धी
१७. कानून र न्याय प्रशासन सुधार आयोगहरू सम्बन्धी
१८. कानून व्यवसाय र निःशुल्क कानूनी सहायता
१९. कानून किताब व्यवस्था समिति सम्बन्धी
२०. कानून सम्बन्धी गोष्ठी र तालीम
२१. न्याय परिषद् सम्बन्धी

## ७. कृषि मन्त्रालय

१. कृषि तथा कृषि उत्पादन सम्बन्धी नीति
२. खाद्यान्न र दलहन, तेलहन, कपास, जूट, उखु, सूर्ति लगायत नगदे तथा औद्योगिक बाली र तरकारी तथा फलफूल खेतीको विकास तथा सुधार
३. कृषि रसायन तथा माटो सम्बन्धी अनुसन्धान र ज्ञानको उपयोग
४. कृषि इन्जिनियरिङ र उन्नत कृषि औजार
५. कृषि फार्महरू र कृषि केन्द्रहरू
६. बाली संरक्षण र तत्सम्बन्धी अनुसन्धान तथा सर्भेक्षण
७. कृषि प्रचार-प्रसार तथा कृषक युवा कार्यक्रम
८. कृषि सम्बन्धी नर्सरी तथा बीउ बीजनको विकास
९. पशुपंक्षी पालन तथा यसको विकास, नश्ल सुधार, दाना र चरण विकास
१०. पशु चिकित्सा, पशुरोगको रोकथाम र औषधि उत्पादन तथा पशु चिकित्सा अनुसन्धान
११. दुग्ध तथा दुग्धोत्पादित वस्तुहरूको विकास
१२. मत्स्यपालन
१३. कृषिजन्य वस्तुहरूको बजार तथा मूल्य सम्बन्धी सेवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८

१४. कृषि सामाग्री तथा कृषि प्रविधि विकास सम्बन्धी संस्थान, समितिहरू सम्बन्धी
१५. कम्पोष्ट मल
१६. साझा विकास नीति तथा कार्यक्रम
१७. साझा शिक्षा तथा तालीम र साझा संस्था संगठन तथा प्रवर्द्धन
१८. प्लाण्ट क्वारेण्टिन
१९. अन्तर्राष्ट्रिय कृषि संस्था सम्बन्धी
२०. खाद्य अनुसन्धान
२१. मौरी पालन तथा च्याउ, रेशम आदि विशेष बालीहरूको विकास सम्बन्धी
२२. कृषि सेवा अन्तर्गतका समूह र उपसमूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको शैक्षिक योग्यता र बढुवामा गणना हुने, सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालन ।

## ८. गृह मन्त्रालय

१. शान्ति सुरक्षा सम्बन्धी
२. नेपाल प्रहरी
३. कारागार
४. हातहतियार र खर-खजानाको इजाजत
५. नेपाल जनसम्पर्क प्रधान कार्यालय सम्बन्धी
६. विस्फोटक पदार्थ नियन्त्रण सम्बन्धी
७. विदेशी नागरिक उपर रेखदेख, नियन्त्रण र देशबाहिर पठाउने सम्बन्धी
८. सवारी नियन्त्रण
९. उपत्यकामा रहेका सरकारी सवारी साधन
१०. संघ संस्था सम्बन्धी
११. स्थानीय प्रशासन
१२. नागरिकता सम्बन्धी
१३. आप्रवासन तथा प्रवासन
१४. तीर्थस्थान र तीर्थयात्रुहरू
१५. कल्याण धन र वेवारिसी धन
१६. चिठ्ठा, जुवा इत्यादिको नियन्त्रण
१७. सार्वजनिक स्थानमा अवान्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रण


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५०

१८. दैवी प्रकोप सहायता
१९. केन्द्रीय सचिवालय, मन्त्री, संवैधानिक अंगका प्रमुख आदिको आवासको निमित्त केन्द्रीय सेवाको व्यवस्था
२०. सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि
२१. सार्वजनिक चन्दा संकलन सम्बन्धी नियन्त्रण
२२. विभूषण सम्बन्धी
२३. अध्यागमन
२४. शरणार्थी सम्बन्धी
२५. अञ्चल र जिल्लाको सदरमुकाम तथा सिमाना
२६. वारूणयन्त्र सम्बन्धी
२७. लागू औषधी नियन्त्रण प्रशासन सम्बन्धी
२८. हाट, बजार मेला
२९. अन्तर्राष्ट्रिय सीमा र सीमा स्तम्भको हेरचाह र संभार
३०. स्थानीय प्रशासन, नेपाल प्रहरी र कारागार सम्बन्धी अनुसन्धान र अन्वेषण
३१. अञ्चल तथा जिल्लास्थित सरकारी भवनहरूको रेखदेख र नियन्त्रण
३२. विदेशी नागरिकले नेपालीलाई धर्मपुत्र वा धर्मपुत्री लिने सम्बन्धी
३३. गृह मन्त्रालय सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन
३४. विशेष प्रहरी विभाग सम्बन्धी
३५. निर्वाचन आयोग सम्बन्धी
३६. जीउ मास्ने, बेच्ने र तस्करी नियन्त्रण सम्बन्धी
३७. अरू कुनै मन्त्रालय वा विभागको लागि किटानीसाथ नतोकिएको श्री ५ को सरकारको कुनै काम ।

## ९. जनसंख्या तथा वातावरण मन्त्रालय

१. जनसंख्या तथा वातावरण सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन
२. जनसंख्या तथा वातावरण सम्बन्धी ऐन, नियम, निर्देशिका आदिको निर्माण
३. जनसंख्या तथा वातावरण सम्बन्धी अध्ययन तथा अनुसन्धान सर्वेक्षण, तालीम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार र सम्मेलन
४. जनसंख्या तथा वातावरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको सम्पर्क, समन्वय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. प्रदूषण नियन्त्रण, वातावरण संरक्षण र सन्तुलन सम्बन्धी
६. जनसंख्या तथा वातावरण सम्बन्धी प्रकाशन एवं प्रचार-प्रसार आदि
७. बसाइ-सराइ सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन
८. सरकारी तथा गैर सरकारी संघ संस्थाहरूद्वारा कार्यान्वयन गरिएका जनसंख्या तथा वातावरण सम्बन्धी कार्यक्रमहरूको नियमित तथा आवधिक मूल्यांकन र समीक्षा
९. वातावरण सम्बन्धी जनशक्तिको तयारी

## १०. जलश्रोत मन्त्रालय

१. जलश्रोत नियन्त्रण तथा उपयोग सम्बन्धी नीति र सो सम्बन्धी विकास
२. जलश्रोत सम्बन्धी सर्भेक्षण, अनुसन्धान तथा सम्भाव्यता अध्ययन
३. जलश्रोत सम्बन्धी बहुमुखी योजनाको प्रवर्द्धन, निर्माण, संचालन तथा संभार
४. जलश्रोत सम्बन्धी जनशक्तिको विकास
५. बाढी नियन्त्रण
६. विद्युत र विद्युत सम्बन्धी संस्थानहरू
७. जलमार्गको विकासको लागि निर्माण तथा यातायात मन्त्रालयसंग समन्वय गर्ने विषय
८. सिंचाईको लागि जलश्रोत (भूमिगत समेत) सम्बन्धी अध्ययन, अनुसन्धान तथा कार्यान्वयन
९. जलवायू सम्बन्धी अध्ययन र भविष्यवाणी
१०. सिंचाई आयोजनाहरूको निर्माण, संरक्षण र सिंचाई सुविधाको समुचित प्रयोग (फार्म सिंचाई र साना सिंचाई सम्बन्धी कार्यक्रमहरू समेत)
११. जलश्रोत सम्बन्धी वार्तालाप, सम्मेलन तथा सम्पर्क
१२. पानीपोत सम्बन्धी
१३. इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह उपसमूह सम्बन्धी नियुक्ति, सरूवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालनः–
   (क) इलेक्ट्रिकल इन्जिनियरिङ समूह
   (ख) मेकानिकल इन्जिनियरिङ समूह
   (ग) मेटीरियोलजी समूह



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५२

(घ) प्लानिंग एण्ड मेनेजमेण्ट समूह

(ङ) हाइड्रोपावर उपसमूह

(च) इरिगेशन उपसमूह

(छ) हाइड्रोलोजी उपसमूह

## ११. निर्माण तथा यातायात मन्त्रालय

१. स्थल मार्ग र जलमार्ग यातायात विकास सम्बन्धी नीति

२. सडक (घोडेटो बाटो समेत) पुल (झोलुंगे पुल समेत) निर्माण, मर्मत, संभार एवं प्रवर्द्धन

३. जल तथा सतह मार्ग (रोपवे समेत) द्वारा हुने यातायात तथा परिवहन संचालन व्यवस्था

४. राजमार्ग तथा अन्य सार्वजनिक सडक योजना

५. स्थल मार्ग र जलमार्गको माध्यमबाट हुने यातायातमा सामञ्जस्यता ल्याउने

६. यातायात (हवाई यातायात वाहेक), परिवहन, निर्माण तथा इन्जिनियरिङ कन्सल्टेन्सी सम्बन्धी संस्थान तथा संगठनहरू

७. निर्माण तथा स्थल मार्ग र जलमार्ग सम्बन्धी यातायात विषयसंग सम्बन्धित अन्तर-राष्ट्रिय संस्थाहरूसंगको सम्पर्क

८. पानी ढल (स्टर्म वाटर ड्रेनेज)

९. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत ट्रान्सपोर्टेशन उपसमूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालन ।

## १२. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१. पर्यटन सम्बन्धी नीति

२. पर्यटन उद्योग र पर्यटन प्रवर्द्धन सम्बन्धी

३. भ्रमण सम्बन्धी निकाय ट्राभल एण्ड ट्रेकिङ्ग एजेन्सी

४. पर्यटन पथ प्रदर्शक तथा होटल व्यवस्थापन र तालीम सम्बन्धी

५. पर्वतारोहण सम्बन्धी

६. अन्तर्राष्ट्रिय पर्यटन संस्थाहरूको सम्पर्क

७. हवाई यातायात विकास सम्बन्धी नीति

८. विमानस्थलको निर्माण, मर्मत तथा सम्भार एवं सम्वर्द्धन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. हवाई मार्गद्वारा हुने यातायात तथा परिवहनको संचालन व्यवस्था
१०. हवाई विकास योजना
११. हवाई यातायात सम्बन्धी संस्थान तथा संगठनहरू
१२. हवाई यातायातसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूसंगको सम्पर्क
१३. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालनः—
(क) एरोनटिकल इन्जिनियरिङ समूह
(ख) इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ समूह
(ग) सिभिल एभिएशन अपरेशन तथा इन्जिनियरिङ समूह

## १३. परराष्ट्र मन्त्रालय

१. परराष्ट्र नीति
२. विदेशी राष्ट्रहरूसंग सम्बन्ध
३. नेपालस्थित विदेशी नियोगहरू
४. विदेशमा नेपालको प्रतिनिधित्व
५. विदेशमा नेपाल सम्बन्धी प्रचार
६. विदेशी राष्ट्रहरूसंग लेखापढी
७. संयुक्त राष्ट्र संघ तथा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थाहरू
८. सपुर्दगी
९. राहदानी (पासपोर्ट) तथा विदेशमा दिने भिसा
१०. अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने
११. अतिथि सत्कार
१२. प्रोटोकल (शिष्टाचार)
१३. नेपाल एवं अरु देशका नागरिकहरूको आ-आफ्नो सरकारबाट व्यक्तिमाथिको दावा
१४. विदेशमा रहेका नेपाली नागरिकहरूको संरक्षण र हित सम्बन्धी कार्य ।

## १४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. भूमिसुधार तथा व्यवस्था सम्बन्धी नीति र योजना
२. भूमिसुधार सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन
३. अनिवार्य बचत योजना, ऋण वितरण र ऋण असूली


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५४

४. मालपोत र रजिष्ट्रेशन सम्बन्धी
५. जग्गा दर्ता सम्बन्धी
६. गुठी संस्थान
७. जग्गा नाप जाँच सम्बन्धी प्रशासन र तालीम
८. जियोडेटिक नापी गर्ने, टोपोग्राफिक नक्सा तयार गर्ने र हवाई सर्भेक्षण गर्ने
९. इञ्जिनियरिङ सेवाको नापी समूहसम्बधी नियुक्ति, सरुवा बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालन।

## १५. महिला तथा समाज कल्याण मन्त्रालय :

१. महिला बालबालिका तथा समाज कल्याणसम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन
२. महिला तथा समाज कल्याण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण, तालीम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनहरू
३. महिला तथा समाज कल्याण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंग सम्पर्क र समन्वय ।
४. अनाथ बालबालिका, असहाय, महिला, बृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र सम्बर्द्धन ।
५. बालबालिका कल्याणसम्बन्धी कार्य
६. समाज कल्याण परिषद्
७. महिला कल्याण तथा सीप विकास
८. समाज कल्याण केन्द्रहरू
९. बाल मन्दिरहरू
१०. युवालयहरूको संचालन र युवालयसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय
११. सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूद्वारा कार्यान्वियन गरिएका महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमहरूको नियमित तथा आवधिक मूल्याङ्कन र समीक्षा ।

## १६. युवा, खेलकूद तथा संस्कृति मन्त्रालय

१. युवा खेलकूद तथा संस्कृतिसम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन
२. यवा जनशक्ति परिचालन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. युवा, खेलकूद तथा संस्कृति सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंग सम्बन्ध, सम्पर्क तथा समन्वय
४. युवा, खेलकूद तथा संस्कृतिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनहरू
५. खेलकूदसम्बन्धी विभिन्न क्रियाकलाप
६. पुरातात्विक महत्त्वका स्मारकहरू र पुरातात्विक वस्तुहरूको संग्रह, संरक्षण र सम्बर्द्धन तथा पुरातात्विक अन्वेषण र उत्खनन
७. देश बाहिर लगिने पुरातात्विक सामानहरूको जाँच र अनुमति
८. संग्रहालय (म्युजियम) र अभिलेखालयहरू सम्बन्धी कार्य
९. प्रपिलिपि अधिकार सम्बन्धी
१०. युवा, खेलकूद तथा संस्कृतिसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, सांस्कृतिक आदान प्रदान तथा अध्ययन र अनुसन्धान ।
११. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, साँस्कृतिक संस्थान देवघाट विकास समिति र अन्य साँस्कृतिक संस्था र समितिहरू
१२. विभिन्न धर्म, जात-जाति, सम्प्रदाय र भाषा भाषीहरूका साहित्य, लिपि, कला र संस्कृतिको विकाससम्बन्धी कार्यहरू
१३. सरकारी तथा गैर सरकारी संघ-संस्थाहरूद्वारा कार्यान्वयन गरिएका युवा, खेलकूद तथा संस्कृतिसम्बन्धी कार्यक्रमहरूको नियमित तथा आवधिक मूल्याङ्कन र समीक्षा
१४. राष्ट्रिय खेलकूद परिषद् तथा अन्य खेलकूदसम्बन्धी संस्थाहरू ।

## १७. रक्षा मन्त्रालय

१. रक्षा नीति
२. शाही नेपाली सेनाको गठन र नियन्त्रण
३. सैनिक अधिकृत जवानहरूको अनुशासन र सेवा शर्त
४. सैनिक गठन
५. सैनिक तालीम
६. सेनासम्बन्धी सुविधा
७. सैनिक हातहतियार र सामग्रीको खरीद र उत्पादन
८. सैनिक कारवाही र सेनाको गतिविधि आदि


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. शाही नेपाली सेनासम्बन्धी
१०. सैनिक निर्माणशाला
११. सैनिक व्यवस्थापन (इन्स्टलेशन) र संचार तथा यातायात
१२. सैनिक भण्डार
१३. शिलखाना
१४. सैनिक गुप्तचर विभाग
१५. सैनिक अस्पतालहरू
१६. सैनिक व्यारेक तथा कार्यालयहरूको व्यवस्था
१७. प्रशासन, विकास कार्य र दैवी प्रकोप उद्धार कार्यमा सहयोग
१८. राष्ट्रिय सेवादलको संगठन तालीम र प्रशासन
१९. भूतपूर्व सैनिकहरूको कल्याणसम्बन्धी
२०. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको सुरक्षा
२१. सैनिक कल्याणकारी योजना
२२. शाही नेपाली सैनिक विमान सेवा
२३. राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी ।

## १८. वन तथा भू-संरक्षण मन्त्रालय

१. वन सम्बन्धी नीति तथा योजना
२. सरकारी वन, धार्मिक वन, सामुदायिक वन, कबुलियती वन, निजी वन आदि
३. सरकारी र गैरसरकारी वन क्षेत्रको सर्भेक्षण, नाप नक्सा र सीमा निर्धारण
४. भू-उपयोग, वन जंगल र वन पैदावारको उपयोग, संरक्षण तथा सम्बर्द्धनसम्बन्धी
५. वन पैदावार विकाससम्बन्धी
६. वन उद्योग र कच्चा वन पदार्थहरूको प्रवन्ध तथा खोटो उद्योग
७. वृक्षरोपण र वनसम्बन्धी अनुसन्धान
८. वन्यजन्तु एवं पशुपक्षीको संरक्षण र सदुपयोग
९. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र शिकार क्षेत्र
१०. हात्तीसार र चिडियाखाना
११. भू तथा जलाधार क्षेत्र संरक्षण, सम्बर्द्धन विकास र समन्वय
१२. प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन
१३. वनस्पति र जडीबुटी सम्बन्धी नीति, सर्भेक्षण, संकलन, प्रबर्द्धन, प्रशोधन, उत्पादन र उपयोगसम्बन्धी अनुसन्धान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५८

१४. शाही वनस्पति उद्यान, जडीबुटी उद्योग

१५. वनस्पति सम्बन्धी संग्रहालय (हर्वेरियन)

१६. वनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीम, सम्मेलन, गोष्ठी र प्रदर्शनीहरू तथा प्रचार-प्रसार

१७. वैकल्पिक उर्जा विकास सम्बन्धी

१८. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषसम्बन्धी

१९. नेपाल वन सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यात र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि.से.नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको संचालन ।

## १९. वाणिज्य मन्त्रालय

१. वाणिज्य नीति र कार्यान्वियन

२. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी अध्ययन, अनुसन्धान र सर्भेक्षण

३. आयात निर्यात व्यापारसम्बन्धी नीतिगत निर्णय र अन्तर्राष्ट्रिय व्यापारहरू सञ्चालन

४. सरकारी तथा सार्वजनिक व्यापारको संचालन

५. वाणिज्य र पारवहनसम्बन्धी सन्धि, सम्झौता द्विपक्षीय र बहुपक्षी अन्तर सरकारी वाणिज्य वार्ता र तत्सम्बन्धी समीक्षा

६. राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय वाणिज्य र पारवहनसम्बन्धी संघ संस्थाहरूसंग सम्पर्क, सहयोग र समन्वय

७. पारवहन, गोदाम तथा अन्तर्राष्ट्रिय परिवहनसम्बन्धी

८. व्यापार, परिवहन र अन्तर्राष्ट्रिय परिवहनसम्बन्धी सूचनाहरूको संकलन, विश्लेषण र सूचनाको आदान-प्रदान

९. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार संचालनका लागि विभिन्न परिवहनका साधनहरू सम्बन्धी अध्ययन सर्भेक्षण र कम खर्चिलो परिवहन सम्बन्धी आवश्यक व्यवस्था

१०. उपयुक्त क्षेत्रमा दक्ष जनशक्तिको विकास तालीम

## २०. शिक्षा मन्त्रालय

१. शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वियन

२. शिशु, प्राथमिक, निम्नमाध्यक, माध्यमिक, उच्चमाध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा, जनसंख्या शिक्षा र पौष्टिक आहार कायक्रम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

३. विज्ञान तथा प्रविधि, प्राविधिक, व्यवसायिक , नैतिक तथा शारीरिक शिक्षा
४. शिक्षक तालीम र शैक्षिक जनशक्ति विकास सम्बन्धी नीति तथा कार्यान्वियन
५. शैक्षिक संस्थाहरू
६. विश्वविद्यालयहरू
७. खुला प्रतियोगिताबाट मनोनयन हुने छात्रवृत्ति, विदेशमा अध्ययन अनुसन्धान गर्न जाने तथा विदेशीहरूलाई नेपालमा अध्ययन,अनुसन्धान गर्न आउने स्वीकृति
८. पाठ्क्रम तथा पाठ्यपुस्तक
९. शिक्षा सम्बन्धी सर्भेक्षण, तथ्याङ्क तथा अनुसन्धान
१०. पुस्तकालयहरू
११. शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन
१२. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौताहरू
१३. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र जनक शिक्षा सामग्री केन्द्र
१४. युनेस्को तथा इसिमोडसंग सम्पर्क तथा समन्वय
१५. नेपाल शिक्षा सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण नि.से.नि. अन्तर्गत विभागीय कारबाही आदिको कामको सञ्चालन
१६. वालचर (स्काउट)

## २१. श्रम मन्त्रालय

१. श्रम सम्बन्धी नीति तथा कार्यान्वियन
२. श्रमशक्ति र श्रम बजार सम्बन्धी अध्ययन अनुसन्धान तथा सो को प्रयोग
३. श्रम सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसंग सम्पर्क र सम्बन्ध
४. श्रमिक र व्यवस्थापक बीचको सम्बन्ध
५. रोजगार सेवा तथा श्रमिक आपूर्ति सम्बन्धी काम
६. विदेशमा कामदार पठाउने कार्य
७. व्यवसायिक तालीमको सञ्चालन, समन्वय तथा प्रवर्द्धन
८. नावालिक महिला, अपाङ्ग तथा बधुंवा मजदूरको सीप, तालीम
९. ट्रेड युनियन सम्बन्धी कार्य
१०. श्रमिकहरूको सामाजिक सुरक्षा सम्बन्धी कार्यहरू
११. विदेशीहरूको लागि श्रम स्वीकृति दिने कार्य
१२. श्रम प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य
१३. बोनस सम्बन्धी कार्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २२. संसदीय व्यवस्था मन्त्रालय

१. संसदीय व्यवस्था सम्बन्धी नीति,योजना, कार्यक्रम तर्जुमा एवं कार्यान्वयन
२. संसदको आह्वान, अन्त्य ,विघटन तथा शाही सम्बोधन सम्बन्धी
३. संसद सचिवालयको सम्पर्क मन्त्रालयको रूपमा काम गर्ने ।
४. संसदमा पेश हुने सरकारी विधेयक सम्बन्धी
५. संसदमा पेश हुने गैर सरकारी विधेयमा सरकारको धारणा राख्ने
६. संसदका पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी
७. संसदका पदाधिकारीहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, गोष्ठी, सम्मेलन र अध्ययन भ्रमण आदि
८. संसदमा दिइएका सरकारी आश्वासन तथा सङ्कल्पहरूको कार्यान्वयन
९. संसद सेवाका कर्मचारीहरूको सेवा, शर्त, सुविधा तथा सरुवा, बढुवा, नियुक्ति र विभागीय कारबाही सम्बन्धी ।

## २३. सूचना तथा सञ्चार मन्त्रालय

१. सञ्चार सम्बन्धी नीति
२. प्रेस तथा सूचना
३. हुलाक
४. पत्र-पत्रिकाको विकास तथा प्रकाशन
५. सूचना, प्रचार तथा प्रसार
६. रेडियो तथा टेलिभिजन प्रसारण
७. चलचित्र विकास
८. दूर सञ्चार
९. फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा मनिटरिङ्ग
१०. नेपाल दूर संचार संस्थान, गोरखापत्र संस्थान, चलचित्र संस्थान, रेडियो प्रसार सेवा विकास समिति, राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन सम्बन्धी
११. प्रेस काउन्सिल सम्बन्धी
१२. सञ्चार सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थानहरूसंगको सम्पर्क

## २४. सामान्य प्रशासन मन्त्रालय

१. निजामती कर्मचारी प्रशासन तथा अभिलेख सम्बन्धी नीति, योजना, कार्यक्रम र कार्यान्वयन
२. प्रशासन सुधार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

200

३. प्रशासन सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्था र सम्मेलन
४. श्री ५ को सरकारको तालीम सम्बन्धी नीति र सर्भेक्षण
५. श्री ५ को सरकारद्वारा चलाइएका विभिन्न प्रशासनिक तालीम कार्यक्रमहरूको समन्वय र मूल्याङ्कन
६. प्रशासन सेवा सम्बन्धी देशभित्र र बाहिरका तालीम योजना र कार्यक्रममा स्वीकृति
७. प्रशासन सम्बन्धी तालीमको सञ्चालन र निजामती कर्मचारीहरूलाई प्रदान गरिने विभिन्न तालीम कार्यक्रमको समन्वय र मूल्याङ्कन
८. तलब र अन्य सुविधा सम्बन्धी नीति र सिद्धान्त सम्बन्धी परामर्श दिने
९. प्रशासन सेवा राजपत्र अनङ्कित कर्मचारीहरूको एक मन्त्रालयबाट अर्को मन्त्रालय अन्तर्गत सरुवा
१०. लोक सेवा आयोग सम्बन्धी
११. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्बन्धी
१२. नेपाल प्रशासन सेवा सम्बन्धी नियुक्ति, सरूवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि.से.नि. अन्तर्गतका विभागीय कारबाही आदि कामको सञ्चालन
१३. नेपाल विविध सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि.से.नि. अन्तर्गतका विभागीय कारबाही आदि कामको सञ्चालन
१४. निजामती सेवा अन्तर्गतका विभिन्न सेवाहरूको बीच समन्वय र सामन्जस्य कायम गर्ने विषय सम्बन्धी
१५. कर्मचारी सङ्गठन सम्बन्धी

## २५. स्थानीय विकास मन्त्रालय

१. दुर्गम क्षेत्र एवं स्थानीय विकास सम्बन्धी
२. सामुदायिक विकास
३. स्थानीय जनशक्ति र जन सहयोगको परिचालन
४. स्थानीय विकास सम्बन्धी तालीम, अनुसन्धान र अन्वेषण
५. एकीकृत ग्रामीण विकास परियोजना सम्बन्धी
६. विकेन्द्रीकरण सम्बन्धी नीति, निर्माण ,कार्यक्रम कार्यान्वयन तथा अनुगमन
७. गाउँ, नगर र जिल्लाको सीमाङ्कन
८. ग्रामीण महिला विकास सम्बन्धी कार्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. स्थानीय प्रविधिको विकास
१०. स्थानीय विकासको कार्यक्रममा समन्वय
११. स्थानीय विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क
१२. स्थानीय निकायहरू सम्बन्धी
१३. जन्म, मृत्यु, तथा अन्य व्यक्तिगत घटना दर्ता सम्बन्धी

## २६. स्वास्थ्य मन्त्रालय

१. स्वास्थ्य सेवा सम्बन्धी नीति
२. जनस्वास्थ्य तथा सार्वजनिक स्वास्थ्य सेवाको अनुसन्धान, योजना तथा विकास
३. एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानी आदि चिकित्सा प्रणाली विषयमा प्रतिकारात्मक ,सम्बर्द्धनात्मक, उपचारात्मक तथा पुनःस्थापन सम्बन्धी अनुसन्धान तथा विक.स
४. स्वास्थ्य सम्बन्धी तालीम
५. स्वास्थ्य सेवा सम्बन्धी गैरसरकारी संस्थाहरू
६. मेडिकल काउन्सिल र आयुर्वेद चिकित्सा परिषद्
७. औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा बिक्री वितरण तथा औषधि वा औषधिका मादक पदार्थहरूको अनुचित प्रयोग वा दुरू-पयोग हुन नदिई असुरक्षित तथा गुणस्तर नहुने औषधिको उत्पादन, बिक्री, वितरण, निकासी, पैठारी, सञ्चय र सेवनमा नियन्त्रण
८. स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू तथा सम्मेलनहरू
९. परिवार नियोजन तथा मातृशिशु कल्याण योजना, जनसंख्या नियोजन सम्बन्धी
१०. वातावरणीय स्वास्थ्य कार्यक्रम
११. स्वास्थ्य र पोषण शिक्षा
१२. नेपाल मेडिकल रिसर्च समिति वा काउन्सिल
१३. नेपाल स्वास्थ्य सेवा र सो अन्तर्गतका समूह, उप-समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि.से.नि. अन्तर्गतका विभागीय कार-वाही आदि कामको सञ्चालन ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०२
मुद्रण विभाग

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

आवास तथा भौतिक योजना मन्त्रालयका का.मु. सचिव श्री डमरु बल्लभ भट्टराई २०५२।१०।२२ देखि २०५२।११।४ (५ देखि१६ फरवरी) सम्म The United Nations Center for Human Settlements (HABITAT II) को अमेरिकाको न्यूयोर्कमा आयोजना गरिने अन्तर्राष्ट्रिय तयारी समितिको तेश्रो बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रत्नाकर दत्तलाई मिति २०५२।१०।२२ देखि कायम मुकायम मुकरर गरेको छ

## सूचना २

जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय फरवरी ५ (तदनुसार २०५२।१०।२२) देखि स्वीटजरलैण्डको जेनेभामा हुने मरुभूमिकरण सम्बन्धी महासन्धिको आठौं नेगोसिएटिंग सेसनमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री खेमराज नेपाललाई मिति २०५२।१०।२१ देखि कायम मुकायम मुकरर गरेको।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०५३ साल वैशाख १ गतेदेखि ऐ. चैत मसान्तसम्म एक वर्ष भरिमा मन्त्रालय, विभाग, कार्यालय एवं अदालतहरूलाई देहाय बमोजिमको सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छ ।

१. वर्ष भरिमा शनिबार दिनहरू

(क) वैशाख – १,८,१५,२२,२९ – ५ (ख) जेठ – ५,१२,१९,२६– ४

(ग) असार – १,८,१५,२२,२९ – ५ (घ) साउन – ५,१२,१९,२६– ४

(ङ) भदौ – १, ८, १५,२२,२९– ५ (च) असोज – ५,१२,१९,२६– ४

(छ) कात्तिक – ३, १०, १७,२४ – ४ (ज) मंसीर – १,८,१५,२२,२९–५

(झ) पुस – ६,१३,२०,२७ – ४ (ञ) माघ – ५,१२,१९,२६– ४

(ट) फागुन – ४,११,१८,२५ – ४ (ठ) चैत –२,९,१६,२३,३०– ५

जम्मा – ५३ दिन

२. पर्व बिदाहरू

(क) नववर्ष वैशाख १ गते शनिबारका दिन, एक दिन । (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ख) ऋषि तर्पणी (रक्षा बन्धन) भाद्र १२ गते बुधबाका दिन, एक दिन ।

(ग) सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरूमा भदौ २० गते बिहीबार गौरा पर्व (गौरापूजा) का दिन, एक दिन।

(घ) छठ पर्व मनाउने जिल्लाहरू मंसीर १ गते शनिबारका दिन, एक दिन । (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ङ) इसाई धर्मावलम्वी सरकारी कर्मचारीहरूलाई क्रिसमस-डे पुस १० गते (तदनुसार २५ डिसेम्वर) बुधबारका दिन, एक दिन ।

(च) लोछार पर्व मान्नेहरूका लागि माघ शुक्ल प्रतिपदा माघ २६ गते शनिबारका दिन, एक दिन । (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(छ) बसन्त पञ्चमी फागुन १ गते बुधबारका दिन, एक दिन ।

(ज) महाशिवरात्रि फागुन २४ गते शुक्रबारका दिन, एक दिन ।

(झ) फागुपूर्णिमा देहायका जिल्लाहरूमा चैत ११ गते सोमबारका दिन एक र अरू जिल्लाहरूमा चैत १० गते आइतबारका दिन, एक दिन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०४

जिल्लाको नामः

१. झापा २. मोरङ ३. सुनसरी ४. सप्तरी
५. उदयपुर ६. सिरहा ७. धनुषा ८. महोत्तरी
९. सर्लाही १०. रौतहट ११. बारा १२. पर्सा
१३. मकवानपुर १४. चितवन १५. नवलपरासी १६. रुपन्देही
१७. कपिलवस्तु १८. दाङ १९. बाँके २०. बर्दिया
२१. सुर्खेत

(ञ) इस्लाम धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई इद (इदुलल फित्र) र वकर इद (इदुल जोहा) का दिन, एक एक दिन।

३. महिला कर्मचारीहरूको लागि मात्र

(क) हरितालिका (तीज) भाद्र ३१ गते सोमबारका दिन, एक दिन।

(ख) ऋषि पञ्चमी असोज १ गते मंगलबारका दिन, एक दिन।

(ग) नारी दिवस फागुन २५ गते शनिबारका दिन, एक दिन। (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

४. जात्रा बिदा (उपत्यकालाई मात्र)

(क) गाईजात्रा भदौ १३ गते बिहीबारका दिन, एक दिन।

(ख) इन्द्रजात्रा असोज १० गते बिहीबारका दिन, एक दिन।

(ग) घोडेजात्रा चैत २५ गते सोमबारका दिन, एक दिन।

(ङ) मत्स्येन्द्रनाथको भोटो देखाउने दिन, एक दिन।

५. दशैं बिदा

(क) घटस्थापना असोज २७ गते आइतबारका दिन, एक दिन।

(ख) कात्तिक ३ गते शनिबारदेखि कात्तिक ९ गते शुक्रबारसम्म दिन सात।

(ग) अदालतहरूमा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म।

६. तीहार बिदा

(क) लक्ष्मीपूजा कात्तिक २५ गत आइतबारका दिन, एक दिन।

(ख) गाईतिहार कात्तिक २६ गते सोमबारका दिन, एक दिन।

(ग) गोबर्धनपूजा र भाइटीका कात्तिक २७ गते मंगलबारका दिन, एक दिन।

७. दिवस बिदा

(क) कानून दिवस वैशाख २६ गते बुधबार अदालतहरूलाई मात्र एक दिन।

(ख) संविधान दिवस कात्तिक २३ गते शुक्रबारका दिन, एक दिन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) राष्ट्रिय एकता दिवस पुष २७ गते शनिबारका दिन, एक दिन। (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(घ) शहीद दिवस माघ १६ गते बुधबारका दिन, एक दिन।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते मंगलबारका दिन, एक दिन।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ती सवारी होइबक्सँदा अधिराज्यभर बिदा।

९. शुभ-जन्मोत्सव बिदा

श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव पुष १४ गते आइतबारका दिन, एक दिन।

१०. शुभ–जयन्ती बिदा

(क) बुद्ध जयन्ती वैशाख २१ गते शुक्रबारका दिन, एक दिन।

(ख) श्रीकृष्ण जन्माष्टमी भदौ १६ गते बुधबारका दिन, एक दिन।

११. सूर्य ग्रहण बिदा

फागुन २६ गते आइतबार सूर्य ग्रहण बिदा एक दिन।

१२. हाजिर हुने र छुट्ने समय

मन्त्रालय तथा कार्यालय समयको हकमा मंसीर, पुष र माघ तीन महिना (शुक्रबार बाहेक) बिहान १० बजे हाजिर भै अपरान्ह ४ बजे छुट्ने र बाँकी नौ महिना बिहान १० बजे हाजिर भै अपरान्ह ५ बजे छुट्नेछ। उपरोक्त बिदा नतोकिएको दिनको सालभरिको प्रत्येक शुक्रबारको हकमा बिहान १० बजे हाजिर भै दिउँसो ३:०० बजे छुट्नेछ।

१३. रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय तथा कार्यालयहरू जस्तैः– अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, थाना चौकी, फायर विग्रेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण विभाग, आकाशवाणी र हुलाक समेतमा माथि लेखिएबमोजिम बिदा पाउनेमा काम-काज रोक्न नहुने उपरोक्त कार्यालयहरूका निम्ति सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुर्‍याएर बिदा बस्न पाइनेछ।

द्रष्टव्यः

आधा दिन भन्नाले मंसीर, पुष र माघ तीन महिनाको निमित्त दिनको १ बजे र बाँकी नौ महिनाको लागि दिनको १½ सम्म सम्झनु पर्दछ।

आज्ञाले,
पुरूषोत्तम ढकाल
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६०